नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

सानोठिमी, भक्तपुर

## कक्षा १२ को नियमित र आंशिक परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भर्ने/भराउने सम्बन्धी संसोधित सूचना

कक्षा ११ र १२ मा अध्यापनका लागि सम्बन्धन प्राप्त माध्यमिक विद्यालय/क्याम्पसमा अध्ययन गरी २०८२ सालमा सञ्चालन गरिने कक्षा १२ को वार्षिक परीक्षामा सहभागी हुने नियमित र आंशिक **(रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७८ (अन्तिम पटक), ७९ र ८० भएका परीक्षार्थीहरू**) तर्फका परीक्षार्थीहरूका लागि मिति **२०८१ माघ १५ गतेसम्म प्रति विद्यार्थी रु. ६००।-** का दरले हुने रकम बोर्डका सम्बन्धित कार्यालयको खातामा दाखिला गरी मिति **२०८१ माघ ३० गतेभित्र** राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयमा आवेदन फाराम बुझाउन बोर्डको **मिति २०८१/०९/१० गतेको** निर्णयानुसार यो **संसोधित** सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम भर्दा तपसिल अनुसार गर्नु/गराउनुहुन समेत अनुरोध छ ।

१. कक्षा १२ को नियमित परीक्षार्थीको रुपमा आवेदन फाराम भर्ने विद्यार्थीहरू (रजिष्ट्रेशन नम्बरको शुरुका दुई अङ्क ८१ भएका) ले २०८१ सालमा विद्यालयमार्फत लिइएको कक्षा ११ का सम्पूर्ण विषयमा सैद्धान्तिकतर्फ न्यूनतम D एवं आन्तरिक मूल्याङ्कन/प्रयोगात्मक तर्फ C ग्रेड प्राप्त गरेको हुनु पर्नेछ । परीक्षा आवेदन फारामका साथ विद्यालयबाट प्रदान गरिएको (तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको) कक्षा ११ को ग्रेडसिट प्र.अ. बाट प्रमाणित गराई अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम मान्य हुने छैन ।

२. परीक्षा आवेदन शुल्क प्रति विद्यार्थी रु. ६००।-(छ सय रुपैया) राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयको खातामा दाखिला गर्नु पर्नेछ ।

बोर्डद्वारा वाह्य परीक्षक खटाई प्रयोगात्मक परीक्षा लिइने प्रयोगात्मक परीक्षाका लागि विद्यार्थीले प्रति विषय रु. ७५।- (पचहत्तर) थप बुझाउनु पर्नेछ । प्रयोगात्मक वापत शुल्क बुझाउनु पर्ने विषयहरु बुँदा नं. ६ मा उल्लेख गरिएको छ । प्रयोगात्मक शुल्क रु. ७५।- (पचहत्तर) मध्ये प्रति विषय रु. २५।- (पच्चिस) का दरले हुने रकम सम्बन्धित विद्यालयमा नै राखी आन्तरिक परीक्षकको पारिश्रमिक वापत उपलब्ध गराउनु पर्ने एवं बाँकी प्रति विषय रु.५०।- (पचास) का दरले हुने रकमको बैंक भौचर राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयको नाममा मिति २०८१ माघ १५ गतेभित्र दाखिला गर्नु पर्नेछ ।

३. जुन अवधि र प्रयोजनका लागि रकम दाखिला गर्न भनिएको हो सो अवधिभित्रको बैंक भौचर सोही प्रयोजनका लागि मात्र प्रयोग गर्न पाइनेछ ।

४. विद्यालयले विद्यार्थीहरूको परीक्षा आवेदन फाराम पठाउँदा साल र रजिष्ट्रेशन नम्बरको आधारमा क्रमाङ्क मिलाई पठाउनु पर्नेछ ।

५. नियमित र आंशिक दुवै समूहका विद्यार्थीहरूले तोकिएकै परीक्षा केन्द्रबाट परीक्षा दिनु पर्नेछ । परीक्षा केन्द्र परिवर्तन हुने छैन ।

६. कक्षा १२ मा अध्यापन हुने Physics (1022/9132), Biology (2022/9102), Chemistry (3022/9112), Computer Science (4282/9152) र Hotel Management (4402) विषयको वाह्य परीक्षक बोर्डका सम्बन्धित कार्यालयद्वारा नियुक्त गरी प्रयोगात्मक परीक्षा सञ्चालन गरिने छ । उक्त परीक्षाको समयतालिका सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयसँग समन्वय गरी २०८१ फागुन मसान्तभित्र तय गर्नु पर्नेछ । उक्त प्रयोगात्मक परीक्षा २०८१ चैत्र मसान्तभित्र सम्पन्न गरी विद्यार्थीको प्राप्ताङ्क Online entry समेत गरी hardcopy र softcopy २०८२ वैशाख १५ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । माथि उल्लेखित पाँच विषय बाहेकका अन्य विषयहरूको प्रयोगात्मक/आन्तरिक परीक्षा समेत सोही अवधिभित्र सम्पन्न गरी परीक्षा २०८२ वैशाख १५ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ एवं ती विषयहरूका लागि आन्तरिक तथा वाह्य परीक्षकको व्यवस्था विद्यालय स्वयंले गर्नु पर्नेछ ।

७. आंशिक परीक्षार्थीको रूपमा सहभागी हुने परीक्षार्थीहरूले आफु कक्षा १२ को नियमित परीक्षामा जुन विद्यालयबाट आवेदन फाराम भरी परीक्षा दिएको हो सोही विद्यालयबाट मात्र आवेदन फाराम भर्नु/भराउनु पर्नेछ । अन्य विद्यालयबाट भरे/भराएको पाइएमा उक्त परीक्षा आवेदन फाराम रद्द गरिनेछ ।

८. कक्षा ११ मा जुन विषय र समूहमा अध्ययन गरेको हो कक्षा १२ मा समेत सोही विषय र सोही समूहबाट मात्र आवेदन फाराम भर्नु पर्नेछ । सो भन्दा फरक विषय र समूहबाट विषय छनौट गरेमा उक्त विषय स्वत: रद्द हुनेछ ।

९. आंशिक परीक्षार्थीहरूले (रजिष्ट्रेशन नम्बरका शुरुका दुई अंक ७८ (अन्तिम पटक), ७९ र ८० भएका) जुन विषयमा NG (Not Graded) प्राप्त गरेको वा अनुपस्थित (Abs) भएको हो सो विषयको मात्र परीक्षा आवेदन फारम भर्नु पर्नेछ । साथै त्यस्ता परीक्षार्थीको आन्तरिक/प्रयोगात्मक अंक समेत छुटेको हकमा सैद्धान्तिकका साथै आन्तरिक/प्रयोगात्मक विषयको समेत कोड उल्लेख गरी परीक्षा आवेदन फारम भर्नु पर्नेछ । साथै, विद्यालयहरूले समेत आन्तरिक मूल्याङ्कन गराई

तोकिएकै समयमा प्राप्ताङ्क पठाउनु पर्नेछ । कक्षा १२ को नियमित परीक्षार्थीको रुपमा अध्ययनरत विद्यार्थीहरूले अतिरिक्त विषयको फाराम भरी परीक्षामा सहभागी हुनका लागि निजले कक्षा ११ मा समेत सोही विषय अतिरिक्त विषयको रुपमा अध्ययन गरेको ग्रेडसिट आवेदन फारामका साथ संलग्न गर्नु पर्नेछ ।

१०. परीक्षा आवेदन फाराम विद्यार्थी स्वयंले भरेको हुनुपर्नेछ । विद्यार्थीको उक्त विवरणलाई विद्यालयले अनलाईन (Online) मार्फत प्रविष्टी (Entry) गर्ने व्यवस्था मिलाइनेछ । अनलाईन (Online) मार्फत प्रविष्टी (Entry) गर्नका लागि बोर्डको अनलाईन प्रविष्टी (Online Entry) सम्बन्धमा https://exam.neb.gov.np अथवा बोर्डको Website: www.neb.gov.np मा गई Online Exam Form (Class 12) मा Click गरे पश्चात् प्राप्त विवरण अनुरुप समेत Entry गर्न सकिनेछ । साथै नियमित परीक्षार्थीको लागि मिति २०८१ पुस १५ गतेदेखि मिति २०८१ माघ २५ गतेसम्म अनलाईन (Online) इन्ट्री खुला गरिने हुँदा सोही अनुसार समयमै आवेदन फारामको अनलाईन प्रविष्टी (Online Entry) गर्नुहुन सम्पूर्ण विद्यालयहरूलाई अनुरोध गरिन्छ ।

११. ***लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार आन्तरिक/प्रयोगात्मक मूल्याङ्कनमा तोकिएको ग्रेड (C) प्राप्त नभई वार्षिक परीक्षामा संलग्न भएको विद्यार्थीको परीक्षा रद्द हुने हुँदा सो व्यहोरा अवगत गर्नु भई तोकिएकै समयभित्र आन्तरिक/प्रयोगात्मक अङ्क प्रविष्टी गरी Hard Copy सहित बोर्डका सम्बन्धित कार्यालयहरूमा बुझाउनुहुन समेत यसै सूचनामार्फत जानकारी गराईन्छ । साथै गत वर्ष आन्तरिक मूल्याङ्कनको अङ्क छुट भएका आंशिक परीक्षार्थीहरूको समेत अङ्क विवरण अनिवार्य रुपमा पठाउनुहुन विद्यालयहरूलाई अनुरोध गरिन्छ ।***

१२. परीक्षा आवेदन फाराम वापतको शुल्क एकमुष्ट (प्रति विद्यार्थी तोकिए अनुरुपको रकम) राष्ट्रिय वणिज्य बैंकमा रहेको बोर्डको खातामा सिधै भौचरमार्फत वा System मा रहेको Payment Gateway हरु (Connect IPS, e-Sewa, Khalti, IMEpay, RBB mobile banking) प्रयोग गरी जम्मा गर्न सकिनेछ । डिजिटल भुक्तानी गरेको अवस्थामा सोको प्रमाण समेत अनिवार्य रुपमा फारम साथ पेश गर्नु पर्नेछ ।

१३. राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयहरूले आ-आफ्नो क्षेत्र भित्रका विद्यालय/क्याम्पसहरूलाई सूचनाको जानकारी गराई यसै सूचना अनुसार कार्य सम्पादन गर्नु/गराउनु हुन जानकारी गराइन्छ ।

–परीक्षा नियन्त्रक